# जोखिम न्यूनीकरणका लागि कति लगानी गर्ने भन्ने कुराको गम्भिरता बुझाउनु जरुरी- गृहसचिव सिंह

काठमाडौं, असोज, २५

श्रीमान गृह सचिव विनोद प्रकाश सिंहज्यूले आज राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अनुगमन निरीक्षण गर्नुभयो । प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले सचिवज्यूलाई प्राधिकरणमा स्वागत गर्नुभएको थियो ।



यस क्रममा गृह सचिव सिंहले विगतमा विपद्का कुरा सधै समाचारमा भने आइरहने तर यसको दीगो समाधानको कार्यक्रम कहिल्यै नबन्ने स्थिति रहेको भन्दै विपदका विषयमा काम गर्ने विशिष्ठीकृत संरचना प्राधिकरण बनिसकेकोले यस तर्फ काम गर्नुपर्ने सुझाव दिनुभयो । उहाँले विपद् सम्बन्धी सचेतना कार्यक्रम सर्वसाधारणलाई मात्र नभई प्रधानमन्त्री र मन्त्रीहरुलाई समेत आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । विपदबाट हुनसक्ने संभावित जोखिम न्यूनीकरणका लागि कति लगानी गर्ने भन्ने जस्ता कुराको गम्भिरता बुझाउन पनि जरुरी रहेको उहाँको भनाई थियो । आगामी दिनमा प्राधिकरणको काममा आफ्नो सधै सहयोग रहने भन्दै आफूलाई घचघच्याइरहन भने उहाँले आग्रह गर्नुभयो ।



उक्त अवसरमा प्राधिकरणले हालसम्म गरेका कामहरुबारे सहसचिव अनिता निरौलाले जानकारी गराउनुभएको थियो ।